# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७८/०३/१८

## आठौं अधिवेशन

## (बाइसौं बैठक)

# बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको बाइसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु,

अब **"सुदूरपश्चिम प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८"** माथिको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **मसुदूरपश्चि" प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक "२०७८ ,** सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

**माननीय सदस्यहरु,**

अब, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पूर्णा जोशीलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **मसुदूरपश्चि" प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक "२०७८ ,** सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेशमा रहेको निजामति कर्मचारीको अभावलाई पुरा गर्न समावेशी समानुपातिक प्रणालीलाई अवलम्बन गर्दै प्रदेश निजामती सेवालाई व्यवसायिक, मर्यादित, सक्षम, सुदृढ, सेवामुलक र उत्तरदायी बनाउने प्रयोजनका लागि प्रदेश निजामति सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकोले **मसुदूरपश्चि" प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"२०७८ ,** लाई सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम सभा समक्ष टेबुल गर्दछु ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका सभापति माननीय हर्क बहादुर कुँवरलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि समितिमा दफावार छलफल भई तयार भएको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुखज्यू, मिति २०७८।०३।१६

प्रदेश सभा, सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली, नेपाल ।

विषय :- सुदूरपश्चिम प्रदेश बातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी प्रतिबेदन ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७७।१२।२७ गते बसेको सातौं अधिवेशनको १७औं बैठकको निर्णय अनुसार "**सुदूरपश्चिम प्रदेश बातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" लाई यस अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईएकोमा समितिको मिति २०७८।०१।२८ गतेको २८औं बैठक देखी २०७८।०३।१० गतेको ४६औं बैठक बसि विस्तृतरुपमा दफावार छलफल गरि समितिको निर्णय सहितको प्रतिबेदन पेश गरिएको छ ।

दफावार छलफलका बैठकमा देहाय बमोजिमका माननीय मन्त्रीज्यू, माननीय सदस्यज्यूहरुको उपस्थिति रहेको थियो ।

**देहाय**

१ माननीय देवराज पाठक .- सदस्य

२माननीय अक .्कल बहादुर रावल -सदस्य

४ माननीय .भरत बहादुर खड्का -सदस्य

५ माननीय कृष्ण बहादुर चौधरी .-सदस्य

६ माननीय प्रेम प्रकाश भट्ट .-सदस्य

७ माननीय अम्बी कुमारी थापा .-सदस्य

८ माननीय महेशदत्त जोशी .-सदस्य

९ माननीय रतन बहादुर थापा .-सदस्य

**आमन्त्रित**

माननीय उद्योग पर्यटन बन तथा बातावरण मन्त्री मान बहादुर धामी

उद्योग, पर्यटन बन तथा बाताबरण मन्त्रालयका सचिव श्री यज्ञनाथ दाहाल

दफावार छलफल समाप्त भए पश्चात प्रस्तुत विधेयकलाई निर्णयार्थ सभामा प्रस्तुत हुनुपर्ने यस समितिको सर्वसम्मत निष्कर्ष रहेको व्यहोरा माननीय सभामुखज्यू समक्ष अनुरोध गर्दछु ।

**<u>संशोधन तथा थप हुनुपर्ने विषयहरु</u>**

| **क्र.स.** | **दफा** | **विधेयकमा रहेको साविक व्यवस्था** | **संशोधन वा थप हुनुपर्ने व्यवस्था** | **कारण** |
|---|---|---|---|---|
| १ | प्रस्तावना | **<u>प्रस्तावना</u>**ः स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक हकको संरक्षण गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण र अनुकूल प्रभावलाई बढावा गर्न, सम्पदाको संरक्षण गर्न तथा जलवायु परिवर्तनको चुनौतीलाई न्यूनीकरण र अनुकूलनका माध्यमवाट सामना गर्न बनेको सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्न वाञ्छनीय भएकोले,<br><br>प्रदेश सभाले यो ऐन बनाएको छ । | **<u>प्रस्तावना</u>**ः स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक हकको संरक्षण गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकासबीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण र अनुकूल प्रभावलाई बढावा गर्न, सम्पदाको संरक्षण गर्न तथा जलवायु परिवर्तनको चुनौतीलाई न्यूनीकरण र अनुकूलनका माध्यमवाट सामना गर्नको लागि सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,<br><br>प्रदेश सभाले यो ऐन बनाएको छ । | अध्यादेश शब्द हटाई सम्बन्धी कानूनलाई संशोधन एकिकरण गर्न भन्ने वाक्यांस थप्न आवश्यक देखिएको |
| २ | परिच्छेद ४ | | <u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः</u> प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन बमोजिम आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ । | सरकारलाई अधिकार प्रत्यायोजन गर्नु पर्ने भएकाले नियम २१ पछि २१(क) |

| | | | | |
|---|---|---|---|---|
| | | | | थप गरिएको |
| ३ | अनुसूची ६(क)१-बनक्षेत्र | १ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने, | विद्युत् प्रसारण लाइन निर्माणबाहेक अन्य प्रयोजनको लागि प्रयोग १ हेक्टरसम्मको वन क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्रको वनको जग्गा प्रयोग गर्ने । | संघीय ऐन नियमावली अनुसार मिलान गरिएको |
| ४ | अनुसूची-१(क) बनक्षेत्र | | वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्र वा रामसारमा सूचीकृत सीमसार क्षेत्रमा १ मेघावाटभन्दा कम क्षमताका जलविद्युत आयोजना निर्माण गर्ने । | अनुसूची-१(क) बनक्षेत्रको दफा १३ पछि दफा १४ थप गरिएको |
| ५ | अनुसूची (ग)१-पर्यटन क्षेत्र | | साविकको व्यवस्थामा क्र.संख्या १ राखि थप २ गरिएको | साविकको व्यवस्थामा क्र.संख्या १ राखि क्र.संख्या थप २ गर्नुपर्ने भएकोले |
| ६ | अनुसूची (ग)१-पर्यटन क्षेत्र | | (२) दुई करोडदेखि पाँच करोडसम्म लगानी हुने वञ्जी जम्पिङ्ग, स्वीङ्ग, क्यानोनिङ, स्काई डाइभिङ्ग, जिप फ्लाइङ्ग, हाई रोप्स, स्काई वाक, प्याराग्लाइडिङ्ग, अल्ट्रालाइट, एम्युजमेण्ट पार्क र फन पार्क तथा अन्य साहसिक एवं पर्यटन पूर्वाधारका आयोजना निर्माण तथा सञ्चालन । | संघीय सरकारको बातावरण संरक्षण नियमावली, २०७७ को अनुसूचीमा हेरेफेर गरेको हुनाले |
| ७ | अनुसूची (घ) १-(सडक) यातायात | १०० मिटर लम्बाई सम्मको पुल निर्माण गर्ने । | २५० मिटर लम्बाई सम्मको पुल निर्माण गर्ने । | संघीय नियमावली अनुसार गर्नुपर्ने भएकोले |
| ८ | अनुसूची १(च)१-आवास, भवन तथा बस्तु विकास र सहरी | ७ देखि १० तला वा १५.५ मिटर देखि २५ मिटर सम्म उचाईका भवन | १५.५ मिटर देखि २५ मिटर सम्म उचाईका भवन निर्माण | संघीय नियमावली अनुसार गर्नुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| | विकास क्षेत्र | निर्माण गर्ने | गर्ने | भएकोले |
| ९ | अनुसूची (झ)१- खानी क्षेत्र | दैनिक २५ मेट्रिक टन सम्म बालुवा प्रशवधन गर्ने | - | हटाइएको |
| १० | अनुसूची (झ)१- खानी क्षेत्र | अनुसूची-१(झ) को दफा (२) लाई | अनुसूची-१(झ) को दफा (१) बनाउने | क्रम संख्या मिलान गरिएको |
| ११ | अनुसूची (क)२- बनक्षेत्र | | विद्युत् प्रसारण लाइन निर्माणबाहेक अन्य प्रयोजनको लागि प्रयोग १ हेक्टरभन्दा बढी ५ हेक्टरसम्मको वन क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्रको वनको जग्गा प्रयोग गर्ने ।<br>तर २०७७ साल असार १ गतेभन्दा अघि वन क्षेत्रमा सडकको ट्र्याक तयार भएको हकमा सो सडकको स्तरोन्नति गर्दा थप हुने वन क्षेत्रको क्षेत्रफल मात्र गणना गर्नु पर्नेछ । | दफा १८ पछि १९ थप गरिएको |
| १२ | अनुसूची (क)२- बन क्षेत्र | | सिमेण्ट उद्योगको लागि कच्चा पदार्थकको रुपमा रहेको चुनढुङ्गा उत्खनन् कार्यका लागि १ देखि २५ हेक्टरसम्मको वन क्षेत्रको जग्गा प्रयोग गर्ने ।<br>तर सिमेण्ट उद्योगमा प्रयोग हुने चुनढुङ्गा उत्खनन् गर्ने आयोजनाको लागि वातावरणीय प्रतिवेदन तयार गर्दा वातावरणीय व्यवस्थापन योजना संलग्न भएको हुनु पर्नेछ । | दफा १९ पछि २० थप गर्न उपयुक्त देखिएकोले |
| १३ | अनुसूची (क)२- बन क्षेत्र | | वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्र वा रामसारमा सूचीकृत सीमसार क्षेत्रमा १ मेगावाटभन्दा वढी २५ मेगावाट क्षमतासम्मका | दफा १८ को उपदफा (ग) थप गरिएको |

| | | | | |
|---|---|---|---|---|
| | | | जलविद्युत् आयोजना निर्माण गर्ने । | |
| १४ | अनुसूची-२(घ)४ यातायात क्षेत्र (सडक) | सार्वजनिक यातायातको लागि रेलमार्ग सञ्चालन गर्ने । | २५० समिटरभन्दा बढी लम्बाईका पुल निर्माण गर्ने, | संघीय नियमावली बमोजिम संशोधन गरिएको |
| १५ | अनुसूची १(घ)२- यातायात क्षेत्र (सडक) | २५ किलोमिटरसम्म लम्बाई हुने नयाँ सडक निर्माण गर्ने, | स्थानीय सडकबाहेक २५ किलोमिटरसम्म लम्बाई हुने नयाँ सडक निर्माण गर्ने, | संघीय नियमावली बमोजिम संशोधन गरिएको |
| १६ | अनुसूची ५(ङ)२- आवास, भवन तथा बस्ती विकास सहरी विकास क्षेत्र | १६ तल्ला वा ५० मिटर भन्दा बढी उचाईका भवन निर्माण गर्ने, | ३० मीटरभन्दा बढी ४५ मीटरसम्मका उचाई भएका भवन निर्माण गर्ने । | संघीय नियमावली बमोजिम संशोधन गरिएको |
| १७ | अनुसूची (छ)२- पर्यटन क्षेत्र | | पाँच करोड रुपैयाँभन्दा बढी लगानी हुने वञ्जी जम्पिङ्ग, स्वीङ्ग, क्यानोनिङ, स्काई डाइभिङ्ग, जिप फ्लाइङ्ग, हाई रोप्स, स्काई वाक, प्यारागलाइडिङ्ग, अल्ट्रालाइट, एम्युजमेण्ट पार्क र फन पार्क तथा अन्य साहसिक एवं पर्यटन पूर्वाधारका आयोजना निर्माण तथा सञ्चालन गर्ने । | दफा ४ पछि ५ थप गर्न उपयुक्त देखिएकोले |
| १८ | अनुसूची ४(क)३- बन क्षेत्र | नेपाल सरकारले वन अनुसन्धान प्रयोजनका लागि वार्षिक ३० हेक्टरभन्दा बढी राष्ट्रिय वन सरपट कटान गर्ने । | प्रदेश सरकारले वन अनुसन्धान प्रयोजनका लागि वार्षिक ३० हेक्टरभन्दा बढी राष्ट्रिय वन सरपट कटान गर्ने । | नेपाल सरकार भन्ने ठाउँमा प्रदेश सरकार भन्ने शब्दावली राखिएको |
| १९ | अनुसूची (क)३- बन क्षेत्र | — | वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्र वा रामसारमा सूचीकृत सीमसार क्षेत्रमा २५ मेगावाटभन्दा बढी क्षमताको जलविद्युत आयोजना निर्माण कार्य गर्ने । | दफा १० पछि ११ थप गर्न उपयुक्त देखिएकोले |

| | | | | |
|---|---|---|---|---|
| २० | अनुसूची १(घ)३-यातायात(सडक ( क्षेत्र | २५ कि.मि.भन्दा बढी लम्बाई हुने कुनै पनि नयाँ सडक निर्माण गर्ने । | स्थानीय सडकबाहेक २५ किलोमीटरभन्दा बढी लम्बाई हुने सडक निर्माण गर्ने । | स्थानीय सडक बाहेक भन्ने शब्दावली थप गर्न उपयुक्त देखिएकोले |
| २१ | अनुसूची (ङ)३-आवास भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र | १६ तल्ला वा ५० मिटर भन्दा बढी उचाइ भएका भवन निर्माण गर्ने । | ५० मिटरभन्दा बढी उचाई भएका भवन निर्माण गर्ने। | संघीय नियमावली अनुसार मिलान गर्न उपयुक्त देखिएकोले |
| २२ | अनुसूची र २,१-मा ३ | सडक क्षेत्र | यातायात क्षेत्र | सडक क्षेत्रलाई यातायात क्षेत्र बनाइएको |

माननीय सभामुख महोदय,

उपरोक्त "**सुदूरपश्चिम प्रदेश बातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" लाई सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम यो प्रतिबेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिबेदन तयार पार्न सहयोग पुऱ्याउनु हुने माननीय मन्त्रीज्यू, यस समितिका माननीय सदस्यज्यूहरुकानू ,विज्ञ ,सचिवज्यू ,न व्यसायी सरोकारवाला लगायत ,सचिवालयका कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

<u>**प्रस्तुतकर्ता**</u>
माननीय हर्क बहादुर कुँवर
सभापति
अर्थ विकास तथा प्राकृतिक स्रोत समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७८ साल आषाढ २३ गते बुधबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।